# कोल्ड च्याम्बर/कोल्ड स्टोर निर्माण कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

**प्रस्तावना:** प्रदेशको कृषि क्षेत्रलाई आधुनिक, व्यवसायिक एवम् प्रतिस्पर्धी बनाई खाद्य तथा पोषण सुरक्षाको प्रत्याभुति दिन निजी, सहकारी तथा सरकारी क्षेत्रको साझेदारी मार्फत स्थानिय तथा प्रदेश स्तरमा स्वरोजगारीको अवसर सिर्जना गरी गरिवी न्यूनीकरणमा सहयोग पुर्याउन कृषि एवम् पशुपन्छीजन्य उत्पादनको क्षेत्रमा आयात प्रतिस्थापन गर्दै आत्मनिर्भरता हासिल गरी कृषिजन्य उत्पादनलाई निर्यात योग्य अवस्थामा पुर्याउन प्रदेश सरकारबाट कोल्ड च्याम्बर/कोल्ड स्टोर जस्ता पूर्वाधारहरुको विकासका लागि प्रदान गरिने अनुदानलाई सरल, पारदर्शी एवम् प्रभावकारी तुल्याउनको लागि प्रदेश सरकार, प्रदेश नं. तीन, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद –१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम **"कोल्ड च्याम्बर/कोल्ड स्टोर निर्माण कार्यक्रम सञ्चालन कार्यविधि, २०७६"** रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) **"आवेदक"** भन्नाले योग्यता पुगी कोल्ड च्याम्बर/कोल्ड स्टोर निर्माण गर्न अनुदान मागका लागि प्रस्ताव पेश गरेका आवेदकहरुलाई सम्झनु पर्छ ।

(ख) **"कार्यक्रम"** भन्नाले अनुदानमा सञ्चालन गरिने "कोल्ड च्याम्बर/कोल्ड स्टोर" स्थापना कार्य सम्झनु पर्छ ।

(ग) **"कोल्ड च्याम्बर/कोल्ड स्टोर"** भन्नाले कृषि उपजको सुरक्षित भण्डारणका लागि चिस्यान सुविधा भएको एक वा मल्टि चेम्बर भएको एकतले वा बहुतले संरचना सम्झनु पर्छ ।

(घ) **"निर्देशनालय"** भन्नाले मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालयलाई सम्झनु पर्छ ।

(ङ) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ ।

(च) **"मूल्याङ्कन समिति"** भन्नाले दफा ९ बमोजिम गठित समितिलाई सम्झनु पर्छ ।

(छ) **"प्रदेश"** भन्नाले प्रदेश नं. ३ लाइ सम्झनु पर्छ ।

(ज) **"भौतिक पूर्वाधार"** भन्नाले कोल्ड च्याम्बर/कोल्ड रुम स्थापना गरी सञ्चालन गर्नका लागि आवश्यक पर्ने भवन, मेसिन औजार, सडक, पानी, बिजुली जस्ता पूर्वाधारहरु सम्झनु पर्छ ।

Rf.

(झ) **"साझेदार"** भन्नाले यस कार्यविधि अनुसार कोल्ड च्याम्बर/कोल्ड स्टोर निर्माण गर्न सरकारी निजी साझेदारी अवधारणा अनुसार कार्य गर्न तयार भई निर्देशनालयसँग सम्झौता गरेको कृषि फार्म, कृषि कम्पनी, कृषक समूह, कृषि बजार समिति वा कृषि सहकारीलाई सम्झनु पर्छ ।

(ञ) **"ज्ञान केन्द्र"** भन्नाले निर्देशनालय अन्तर्गतको कृषि ज्ञान केन्द्र सम्झनु पर्छ ।

३. <u>उद्देश्य</u>: यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) कृषि उपजहरुको उत्पादन उपरान्तको क्षती न्यूनीकरण गर्ने,

(ख) कृषि उपजहरुको गुणस्तर प्रवर्द्धन र मूल्य अभिबृद्धि सहित बजारको माग अनुसार आवश्यक परिमाणमा उपलब्ध गराउने,

(ग) कृषि उपजहरुको बजारीकरणलाई सहज बनाउने ।

## परिच्छेद- २
## कार्यक्रम सञ्चालन

४. <u>कोल्ड च्याम्बर र कोल्ड स्टोरको क्षमता</u> : निर्माण गरिने कोल्ड च्याम्बर कम्तिमा १५ टन र कोल्ड स्टोर न्यूनतम ५०० मे.टन क्षमताको हुनुपर्ने छ ।निर्माणाधिन अवस्थामा रहेका तर पूर्ण हुन नसकेका कोल्ड स्टोरलाई पनि प्राथमिकता दिईने छ ।

५. <u>कार्यक्रम सञ्चालन</u> :(१) यो कार्यक्रम प्रदेश नं. ३ अन्तर्गतका जिल्लाहरुमा लागू हुनेछ । तर कार्यविधिलाई आधार मानी जुन जुन जिल्ला वा स्थानिय तहको लागि सूचना प्रकाशन हुन्छ सोही जिल्लामा लागू भएको मानिन्छ ।

(२)यो कार्यक्रम निर्देशनालय र मातहतका ज्ञान केन्द्रहरु बाट सञ्चालन गरिनेछ ।

६. <u>सूचना प्रकाशन</u> : (१) निर्देशनालयले अनुदानमा कोल्ड च्याम्बर/कोल्ड स्टोर निर्माण कार्यक्रम निजी सरकारी साझेदारी अवधारणा अनुसार सञ्चालन गर्न योग्य आवेदकहरुबाट योजना सहितको प्रस्ताव पेश गर्न राष्ट्रिय स्तरको पत्रिकामा अनुसूची -१ बमोजिमको तीस दिनको म्याद दिई सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना अनुसार कृषि फार्म, कृषि कम्पनी, कृषक समूह, कृषि बजार समिति वा कृषि सहकारीले अनुसूची -१ मा उल्लेखित कागजपत्र सहित निर्देशनालयमा प्रस्ताव पेश गर्न सक्नेछ ।यसरी पेश गर्दा एक भन्दा बढी स्थानमा पनि काम गर्ने गरी पेश गर्न सक्नेछ ।

७. **प्रस्ताव पेश गर्ने:** (१) नयाँ कोल्ड च्याम्बर/कोल्ड स्टोर निर्माणको आवेदकले कार्यक्रम सञ्चालनको लागि अनुसूची -२ अनुसारको ढाँचामा आवेदन, अनुसूची- ३ अनुसारको प्रस्ताव पेश र अनुसूची -४ अनुसारको प्रतिबद्धता पत्र पेश गर्नुपर्ने छ ।

(२) निर्माण भईरहेका वा क्षमता थप गर्ने वा सेवाको गुणस्तर सुधार गर्ने वा निर्माणधीन कोल्ड स्टोरमा लगानी गर्नुपर्ने, कोल्ड च्याम्बर/कोल्ड स्टोर निर्माणका लागि रित पुर्याई अनुसूची-३ अनुसारको ढाँचामा प्रस्ताव पेश गर्नुपर्ने छ।

८. **लागत साझेदारी:** (१) कोल्ड च्याम्बर/कोल्ड स्टोर निर्माण कार्यक्रम सञ्चालनका लागि स्वीकृत वार्षिक कार्यक्रम र बजेटको परिधिभित्र रही प्रति कार्यक्रम पूँजीगत लागतको बढीमा पचास प्रतिशत सम्म अनुदान रकम उपलब्ध गराइने छ । साझेदारले व्यहोर्ने रकम अन्य कुनै/संघ संस्था/स्थानीय तह/निकायवाट आंशिक वा पुरै व्यवस्था गर्न सक्नेछ।

९. **मूल्याङ्कन समिति:** (१) प्रस्ताव मूल्याङ्कन गरी स्वीकृतका लागि सिफारिस गर्न निर्देशनालयमा देहाय बमोजिमको मूल्याङ्कन समिति रहनेछः

| | |
|---|---|
| (क) प्रमुख वा नीजले तोकेको बरिष्ठ अधिकृत, निर्देशनालय | संयोजक |
| (ख) प्रमुख/अधिकृत प्रतिनिधि, खा.सु.त.कृ.व्य.प्र.म, मन्त्रालाय | सदस्य |
| (ग) प्रमुख/अधिकृत प्रतिनिधि, वागवानी विकास शाखा, निर्देशनालय | सदस्य |
| (घ) प्रमुख, आर्थिक प्रशासन, निर्देशनालय | सदस्य |
| (ङ) कृषि ईन्जिनियर,मन्त्रालय | सदस्य |
| (च) खरिद इकाई प्रमुख, निर्देशनालय | सदस्य सचिव |

(२) समितिले आवश्यकता अनुसार बढीमा तीन जना विषय विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्ने छ।

(३) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आवेदकहरुबाट प्राप्त प्रस्तावहरुलाई अनुसुची -५ बमोजिमको प्रारम्भिक मूल्याङ्कन र अनुसुची -६ बमोजिमका मूल्याङ्कनका सूचकहरुका आधारमा मूल्याङ्कन गरी छनौटको लागि सिफारिस गर्ने । यसरी छनौट गर्दा अनुसूची -५ बमोजिम छनौट भएका प्रस्तावलाई मात्र अनुसुची -६ बमोजिमको छनौटको आधारहरुबाट पुनः छनोट गरिनेछ ।

(ख) आवश्यकता अनुसार प्रस्तावित कार्यक्रम निर्माण स्थलको स्थलगत निरिक्षण गर्ने,

(ग) प्रस्तावहरुको मूल्याङ्कन पश्चात निर्देशनालय समक्ष पेश गर्ने,

(घ) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु मूल्याङ्कन गरी सिफारिस सहित निर्देशनालयमा स्वीकृतका लागि पेश गर्नेछ,

(ङ) उपदफा (३) को खण्ड (घ) अनुसार मूल्याङ्कन समितिले गरेको सिफारिसमा कुनै त्रुटी देखिएमा कुनै वा सबै प्रस्तावहरु पुनः मूल्याङ्कनका लागि निर्देशनालयले मूल्याङ्कन समितिमा फिर्ता पठाउन सक्नेछ ।

(च) मूल्याङ्कन समितिले उपदफा (३) को खण्ड (घ) र खण्ड (ङ) अनुसार योग्य प्रस्तावहरुलाई स्वीकृतका लागि निर्देशनालयलमा सिफारिश गर्ने ।

(छ) निर्देशनालयलाई कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक राय सुझाव दिन सक्ने ।

१०. **कार्यक्रम कार्यान्वयन सम्झौता** : (१) छनौट भएका प्रस्तावहरुको जानकारी सम्बन्धित आवेदकहरुलाई ७ दिनभित्र उपलव्ध गराईनेछ ।

(२) छनौटमा नपरेका आवदेकहरुले दाबी बिरोध गर्नुपर्ने भए छनौट भएको मितिले ७ दिन भित्र दाबी/बिरोधको पत्र निर्देशनालयमा दर्ता गरिसक्नु पर्ने छ।

(३) दाबी बिरोध उपर निर्देशनालयले बढीमा १० दिनभित्र निर्णय गरिसक्नुपर्ने छ ।

(४) छनौट भएका आवेदकहरुले १५ दिन भित्र सम्झौताका लागि निर्देशनालयमा सम्पर्क गर्नुपर्नेछ ।

(५) छनौट भएका साझेदारहरुसँग अनुसूची -७ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्ने छ ।

११. **कार्यक्रम कार्यान्वयन** : (१) सम्झौता पश्चात साझेदारले सम्झौतामा उल्लेखित शर्त तथा मापदण्ड पूरा गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । साथै सम्झौता भएको मितिले एक वर्ष भित्र कार्य सम्पादन गरिसक्नु पर्नेछ ।

(२) कार्यक्रम सञ्चालनको अधिकतम समय सीमा सम्झौतामा तोकिए अनुसार हुनेछ र तोकिएको अवधि भित्र सबै कृयाकलापहरु सम्पन्न गरी फरफारक समेत गर्न सकिनेछ ।

(३) मन्त्रालय, निर्देशनालय, ज्ञान केन्द्र र स्थानीय तहले कार्यक्रम सञ्चालन सम्झौता पश्चात नियमित अनुगमन, सुपेरिवेक्षण तथा पृष्ठपोषण गर्नेछ ।

(४) स्थलगत निरिक्षण गर्दा दिईएका मौखिक तथा लिखित सुझावहरु पालन गरी कार्यक्रम सम्पन्न गर्नु साझेदारको दायित्व हुने छ ।

(५) स्थलगत निरिक्षण गर्दा दिईएका सुझावहरु बमोजिम कार्य सन्तोषजनक गरेको नपाईएमा मन्त्रालय, निर्देशनालय वा ज्ञान केन्द्रले १५ दिन सम्मको समयावधि प्रदान गरी कार्यक्रम सञ्चालनमा गुणस्तर कायम गर्न सचेत गराउनेछ ।

(ङ) उपदफा (३) को खण्ड (घ) अनुसार मूल्याङ्कन समितिले गरेको सिफारिसमा कुनै त्रुटी देखिएमा कुनै वा सबै प्रस्तावहरु पुनः मूल्याङ्कनका लागि निर्देशनालयले मूल्याङ्कन समितिमा फिर्ता पठाउन सक्नेछ ।

(च) मूल्याङ्कन समितिले उपदफा (३) को खण्ड (घ) र खण्ड (ङ) अनुसार योग्य प्रस्तावहरुलाई स्वीकृतका लागि निर्देशनालयलमा सिफारिश गर्ने ।

(छ) निर्देशनालयलाई कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक राय सुझाव दिन सक्ने ।

१०. <u>कार्यक्रम कार्यान्वयन सम्झौता</u> : (१) छनौट भएका प्रस्तावहरुको जानकारी सम्बन्धित आवेदकहरुलाई ७ दिनभित्र उपलव्ध गराईनेछ ।

(२) छनौटमा नपरेका आवदेकहरुले दाबी बिरोध गर्नुपर्ने भए छनौट भएको मितिले ७ दिन भित्र दाबी/बिरोधको पत्र निर्देशनालयमा दर्ता गरिसक्नु पर्ने छ।

(३) दाबी बिरोध उपर निर्देशनालयले बढीमा १० दिनभित्र निर्णय गरिसक्नुपर्ने छ ।

(४) छनौट भएका आवेदकहरुले १५ दिन भित्र सम्झौताका लागि निर्देशनालयमा सम्पर्क गर्नुपर्नेछ ।

(५) छनौट भएका साझेदारहरुसँग अनुसूची -७ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्ने छ ।

११. <u>कार्यक्रम कार्यान्वयन</u> : (१) सम्झौता पश्चात साझेदारले सम्झौतामा उल्लेखित शर्त तथा मापदण्ड पूरा गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । साथै सम्झौता भएको मितिले एक वर्ष भित्र कार्य सम्पादन गरिसक्नु पर्नेछ ।

(२) कार्यक्रम सञ्चालनको अधिकतम समय सीमा सम्झौतामा तोकिए अनुसार हुनेछ र तोकिएको अवधि भित्र सबै कृयाकलापहरु सम्पन्न गरी फरफारक समेत गर्न सकिनेछ ।

(३) मन्त्रालय, निर्देशनालय, ज्ञान केन्द्र र स्थानीय तहले कार्यक्रम सञ्चालन सम्झौता पश्चात नियमित अनुगमन, सुपेरिवेक्षण तथा पृष्ठपोषण गर्नेछ ।

(४) स्थलगत निरिक्षण गर्दा दिईएका मौखिक तथा लिखित सुझावहरु पालन गरी कार्यक्रम सम्पन्न गर्नु साझेदारको दायित्व हुने छ ।

(५) स्थलगत निरिक्षण गर्दा दिईएका सुझावहरु बमोजिम कार्य सन्तोषजनक गरेको नपाईएमा मन्त्रालय, निर्देशनालय वा ज्ञान केन्द्रले १५ दिन सम्मको समयावधि प्रदान गरी कार्यक्रम सञ्चालनमा गुणस्तर कायम गर्न सचेत गराउनेछ ।

(६) उपदफा ५ अनुसार सचेत गराउँदा समेत सन्तोषजनक कार्य हुन नसक्ने देखिएमा सम्झौता गर्ने निकायले सम्झौता खारेज गर्न सक्नेछ ।

(७) सम्झौता खारेज भएमा सम्पन्न भएको कामको मूल्याङ्कन गरी निकासा भएको रकम फछ्र्यौट गर्ने तथा मूल्याङ्कन गर्दा निकासा भएको भन्दा बढी प्रगति देखिए तापनि थप रकम निकासा नगर्ने वा निकासा भई कार्य नभएको भए निर्देशनालयले प्रचलित कानुन बमोजिम सरकारी बांकि सरह असुल उपर गर्ने प्रकृया अगाडि बढाउन सक्ने छ ।

## परिच्छेद– ३

## अनुदान रकम भुक्तानी र अनुगमन तथा मूल्याङ्कन

१२. अनुदान रकम निकासा : (१) सम्झौता गर्ने निकायले सम्झौता अनुसारको अनुदान रकम बढीमा तीन किस्तामा निकासा गर्नेछ । साथै सम्झौता भए पश्चात बैंक ग्यान्टेरीको आधारमा बीस प्रतिशत सम्म रकम दिईनेछ ।

(२) लागत इस्टिमेट तयार गर्दा कूल इस्टिमेट अंङ्कको बढीमा २ प्रतिशत रकम कन्टिन्जेन्सीको रुपमा राखिने छ । उक्त रकमबाट खटाइएका प्राविधिकहरुको दैनिक भ्रमण भत्ता, सूचना प्रकाशन र समितिको बैठक भत्ता आदिमा खर्च गर्न सकिने छ ।

(३) साझेदारले हासिल गरेको कार्य प्रगति तथा प्राविधिकको स्थलगत निरीक्षण अनुसारको सिफारिसमा, साझेदारले अनुदान रकम माग गरी पेश गरेको निवेदन अनुसूची -८ अनुसारको आधारमा अनुदान रकमको किस्ता वा अन्तिम भुक्तानी दिईने छ ।

(४) कार्यक्रम सञ्चालनका लागि निर्देशनालयले भुक्तानी हुने अनुदान रकम साझेदारको बैंक खाता मार्फत उपलव्ध गराईनेछ ।

(५) अनुदान रकमको अन्तिम किस्ता माग गर्दा साझेदारले खर्चको वील–भर्पाई, कार्यक्रम सम्पन्न प्रतिवेदन, सार्वजनिक सुनुवाईको प्रतिवेदन, निर्मित संरचनाको फोटो तथा निर्माण गरिएको कोल्ड च्याम्बर / कोल्ड स्टोर सञ्चालन प्रतिवद्धता सहितको कागजात संलग्न गरी पेश गर्नुपर्ने छ ।

## परिच्छेद –४

## विविध

१३. कार्यक्रम सञ्चालन तथा निर्माण: (१) सामाजिक सदभाव बिथोलिने तथा वातावरणीय पक्षमा गम्भिर असर पर्ने गरी कार्यक्रम सञ्चालन गर्न पाइने छैन ।

(२) अनुदान सहयोगमा प्राप्त सुविधाहरुको उपयोग गरी मानविय स्वास्थलाई हानी पुर्याउने कुनै पनि किसिमका कृयाकलापहरु सञ्चालन गर्न पाईने छैन ।

(३) कार्यक्रम सञ्चालनको कूल लागतमा कार्यक्रम कार्यान्वयन गर्ने निकाय वाट दिईने अनुदान रकम कम भई अर्को कुनै संघ संस्थाले साझेदारी गर्न चाहेमा त्रिपक्षिय सम्झौता गरी संयुक्त रुपमा कार्यक्रम सञ्चालन गर्न बाधा पुग्ने छैन ।

(४) कार्यक्रम सञ्चालनका लागि उपलब्ध अनुदान रकमबाट तयार गरिएका संरचनाहरु, तथा मेसिन, औजारहरुको दुरुपयोग गर्न वा बेचबिखन गर्न पाईने छैन र कार्यक्रम सञ्चालन स्थलमा अनुसूची -९ बमोजिमको होर्डिङ वोर्ड राखुपर्नेछ ।

१४. <u>प्रचलित कानून बमोजिम हुने</u>: यस कार्यविधिमा व्यवस्था भएका विषयहरु यसै कार्यविधि र उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१५. <u>बाधा अड्काउ फुकाउने</u>: यस कार्यविधिको व्याख्यामा द्विविधा भएमा मन्त्रालयले बाधा अड्काउ फुकाउनेछ ।

१६. <u>कारवाहीको व्यवस्था:</u> साझेदारले अनुदान दुरुपयोग गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

१७. <u>संशोधन:</u> यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन आइपरेमा मन्त्रालयले आवश्यक संशोधन गर्न सक्नेछ ।

अनुसूची -१

(दफा ६ सँग सम्बन्धित)

**कोल्ड च्याम्बर/कोल्ड स्टोर निर्माण कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आव्हानको सूचना**

कृषि विकास निर्देशनालय, हेटौंडाको आ.व...............को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कोल्ड च्याम्बर/कोल्ड स्टोर निर्माण कार्यक्रम रहेको हुँदा इच्छुक कृषि फर्म, कृषि कम्पनी, कृषक समूह, कृषि बजार समिति वा कृषि सहकारीलाई ३० दिनभित्र अनुसूची -२ अनुसारको आवेदन र सोही अनुसूचीमा माग गरेको कागजातहरु, अनुसूची-३ अनुसारको व्यवसायिक प्रस्ताव, अनुसूची -४ अनुसारको प्रतिवद्धता पत्र सहित आवेदन कृषि विकास निर्देशनालयमा दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

पुनश्चः कोल्ड च्याम्बर/कोल्ड स्टोर निर्माण कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३ को बेवसाईट www.molmac.p3.gov.np वा कृषि विकास निर्देशनालयको बेवसाईटबाट डाउनलोड गर्न सकिनेछ ।

अनुसूची -२

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**आवेदन फाराम**

श्री कृषि बिकास निर्देशनालय मिति :

............।

विषय : अनुदानमा कोल्ड च्याम्बर/कोल्ड स्टोर निर्माण कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पेश गरेको सम्बन्धमा ।

महोदय,

प्रस्तुत विषयमा त्यस निर्देशनालय बाट मिति ........................मा प्रकाशित सूचना अनुसार ............................... समूह/सहकारी/समिति/संस्था/निजि फार्मले अनुदान लिई ................................. निर्माण कार्यक्रम सञ्चालनका लागि आवश्यक योजना र प्रस्ताव तथा उक्त प्रस्ताव अनुसार ............ निर्माण कार्यक्रम सञ्चालनका लागि कूल लागत रकम रु. ..........(अक्षेरुपी.....................मात्र) ईष्टिमेट गरिएकोले सोको..........(बढीमा ५०%) प्रतिशत बराबरले हुन आउने रकम रु. ................ (अक्षेरुपी..........................मात्र) तहाँको "कोल्ड च्याम्बर/कोल्ड स्टोर निर्माण कार्यक्रम सञ्चालन कार्यविधि २०७६" अनुसार अनुदान सहयोग उपलब्ध गराई दिनु हुन अनुरोध सहित अन्य आवश्यक कागजात यसैसाथ संलग्न गरी यो आवेदन पेश गरेका छौं । यस आवेदन साथ संलग्न कागजात तथा सूचनाहरु जाने बुझे सम्म ठीक छन्, यदि झुटो ठहरिएमा आवेदन खारेज गरी सो अनुसार कार्वाही भएमा कानून बमोजिम सहुँला बुझाउँला ।

संलग्न कागजातहरु:

१. संस्था दर्ताको प्रमाण पत्र तथा VAT/PAN दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
२. नविकरण र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र लेखा परिक्षण प्रतिवेदन ।
३. निर्माण गरिने जग्गा आवेदक संस्थाको नाममा भएको वा कम्तिमा १५ वर्षे करार सम्झौता गरी भोगाधिकार गरिने कागजातको सक्कल प्रमाणमपत्र ।
४. आधिकारिक मान्यता प्राप्त प्राविधिकबाट तयार गरिएको भौतिक पूर्वाधार निर्माण संरचनाको डिजाईन ईष्टिमेट ।
५. आवश्यक पर्ने मेसिन औजारहरुको हकमा आपूर्तीकर्ताबाट जारी गरिएको प्राविधिक स्पेसिफिकेसन सहितको कोटेशन ।
६. आवेदकको तर्फबाट लागत साझेदारी अनुसार लागत जुटाउन सक्ने प्रमाण (लगानी गर्ने प्रत्रिवद्धता जनाएको बैंक पत्र वा बैंकमा संस्थाको नाममा भएको बैंक मौज्दातको स्टेटमेन्ट वा अन्य प्रमाण)

७. सेवा प्रदान गर्ने क्षेत्रका कृषि उपज उत्पादक कृषकहरुका संस्थासंग कोल्डच्याम्बर/ कोल्ड स्टोरबाट दिने सेवा सम्बन्धि सम्झौता तथा शर्तहरु (बस्तु, परिमाण, समयावधि, दर आदि विषयहरु समेटिएको) ।

८. अनुसूची-३ अनुसारको प्रस्ताव पेश गर्ने र लागत साझेदारी गर्ने निर्णयको प्रतिलिपि ।

९. कम्तिमा १० वर्ष सञ्चालन गर्ने सञ्चालन तथा मर्मत संभार कार्यविधि आबेदक संस्थाको बैठकबाट निर्णय भएको हुनुपर्ने ।

१०. कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता पत्र।

आवेदक

नामः

पदः

आवेदकको नामः

ठेगानाः

छापः

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

# अनुसूची -३

(दफा ७ को उपदफा १ सँग सम्बन्धित)

## कोल्ड च्याम्बर/कोल्ड स्टोर निर्माण कार्यक्रम सञ्चालनका लागि प्रस्ताव

१. आवेदकको विवरण

| क.सं. | विवरण | |
|---|---|---|
| १.१ | आवेदक संस्थाको नाम | |
| १.२ | ठेगाना | जिल्ला<br>गा.पा. / महा / उपमहा / न.पा.:<br>वडा.नं.:<br>स्थान: |
| १.३ | आवेदक संस्थाको स्थापना | दर्ता नं.:<br>दर्ता वर्ष:<br>दर्ता गर्ने निकाय: |
| १.४ | मू.अ.कर / स्थायी लेखा नं | |
| १.५ | बैंक खाता विवरण | |
| | खाता रहेको बैंकको नाम | |
| | ठेगाना | |
| | खाताको किसिम | |
| | खाता नं | |
| | खाता संचालकको नाम | |
| | खातामा हस्ताक्षर रहेका व्यक्तीहरुको विवरण | (१) नाम :<br>पद<br>(२) नाम<br>पद |
| १.६ | आवेदकको किसिम | समूह / सहकारी /वजार समिति निजी फर्म.......................... |
| १.७ | वर्तमानमा आवेदक संस्थाका के कस्ता गतिविधिहरु संचालित छन् उल्लेख गर्ने (बढीमा ५ बुदामा | |
| १.८ | अन्य (खुलाउनुहोस्) | |
| १.९ | जिम्मेवार व्यक्ति | |
| | नाम | |
| | पद | |

| | | |
|---|---|---|
| | सम्पर्क फोन नं. | |
| | ईमेल | |
| | पत्रचारको ठेगाना | |

१.१० संस्थामा रहेका सदस्य संख्या

| जम्मा सदस्य संख्या | महिला सदस्य संख्या | दलित | | जनजाती | | मुक्त कमैया/ हलिया | | अन्य | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| | | | | | | | | | |
| | | | | | | | | | |

२. कोल्डच्याम्बर/कोल्ड स्टोर निर्माण हुने स्थान

जिल्ला :

गा.पा. / न.पा./ उपमहा न.पा. :

वडा.नं. :

स्थान :

| ३. प्रस्तावित स्थानसम्म पुग्न सकिने गरि नक्सामा स्थान देखाउनु होस : |
|---|
| |

४. अवधि

कार्यक्रम शुरु गर्न सकिने मिति : ......................................

कार्यक्रम सम्पन्न गर्न सकिने मिति : ....................................

**५. कोल्ड च्याम्बर/कोल्ड स्टोर सञ्चालनबाट सेवा दिईने उत्पादन स्थलहरु तथा समूह /सहकारीहरु**

| उत्पादन स्थलहरु | समूह / सहकारी | कोल्ड च्याम्बर/ कोल्डस्टोर सञ्चालन पश्चात भण्डारण गरिने बस्तुहरु | | |
|---|---|---|---|---|
| | | वस्तुहरु | भण्डारण गरिने समय (महिना / दिन) | लिईने शुल्क(प्रति कुइण्टल) |
| | | | | |

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

नोट : सेवा दिईने समूह / सहकारीहरुको बैठकबाट प्रस्तावित कोल्ड च्याम्बर / कोल्डस्टोरको सेवा लिने निर्णय गरी सो अनुसार आवेदक संस्थाले समूह / सहकारीहरुसँग भण्डारण गरिने वस्तु, समय र शुल्क खोली सम्झौता गरेको कागजात प्रस्ताव साथ पेश गरेको हुनु पर्नेछ ।

६. प्रस्तावित कोल्ड च्याम्बर/ कोल्ड स्टोरमा के कस्तो कारोबार हुनेछ (प्रस्तावित कारोबार ) ।

| पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौ वर्ष | |
|---|---|---|---|---|---|---|---|---|---|
| भण्डारण गरिने मुख्य मुख्य बस्तुहरु | भण्डारणबाट प्राप्त हुने आय रु. | भण्डारण गरिने मुख्य मुख्य बस्तुहरु | भण्डारणबाट प्राप्त हुने आय रु. | भण्डारण गरिने मुख्य मुख्य वस्तुहरु | भण्डारणबाट प्राप्त हुने आय रु. | भण्डारण गरिने मुख्य मुख्य वस्तुहरु | भण्डारणबाट प्राप्त हुने आय रु. | भण्डारण गरिने मुख्य मुख्य बस्तुहरु | भण्डारणबाट प्राप्त हुने आय रु. |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

७. आबेदक संस्थाको वित्तीय स्थिती

| | | |
|---|---|---|
| वित्तीय सवलता | जम्मा शेयर पूँजी | |
| | जम्मा वार्षिक आय | |
| | जम्मा वार्षिक खर्च | |
| | जम्मा ऋण | |
| बचत | बचत रकम | |
| | परिचालन | |

८. अन्य थप आर्थिक विवरणहरु (आर्थिक सामर्थ पुष्टि हुने आधारहरु)

| प्रस्तावित पूर्वाधारको डिजाइन र इष्टिमेट |
|---|
| |

## १०. उपलब्ध हुने जग्गाको विवरण

क) क्षेत्रफल : (कम्तिमा प्रस्तावित संरचनाको प्लिन्थ एरियाको क्षेत्रफल भन्दा २ गुणा क्षेत्रफल भएको तथा मोटर पार्किङ र मोडन सकिने क्षेत्र भएको हुनु पर्नेछ ।)

ख) पाखो खेत :

ग) सडकको पहुँचको अवस्था तथा प्रस्तवित स्थान र मूल सडक सम्मको दूरी :

घ) बिद्युत सेवाको पहुँच र अवस्था :

१०.१ आबेदक संस्थासंग भएका सुविधाहरुको विवरण (बढीमा १ पेज) :
(भवन, कार्यालय, फर्निचर, मेसिन औजार, सवारी साधन आदि)

## ११. लागत अनुमान र लागत साझेदारी योजना :

कोल्ड च्याम्बर/ कोल्डस्टोरको जम्मा लागत, कसले, के / कति हिस्सा लिन्छ, आबेदक संस्थाको बैठकले गरेको निर्णयहरु पेश गर्नु पर्नेछ (बैठकको निर्णय प्रतिलिपी पनि आवश्यक छ ) ।

| प्रस्तावित क्रियाकलापहरु | एकाई | परिमाण | दर | लागत | | |
|---|---|---|---|---|---|---|
| | | | | कुल लागत | अनुदान | आवेदकको हिस्सा |
| क. पूँजीगत लगानी | | | | | | |
| १ पूर्वाधार विकास | | | | | | |
| | | | | | | |
| जम्मा पूर्वाधार विकास (क.१) | | | | | | |
| २ मेसिन तथा औजारहरु | | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा मेसिन तथा औजारहरु | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| (क. २) | | | | | | |
| (क) जम्मा पूँजीगत लगानी (१ +२) | | | | | | |
| (ख) चालु खर्च | | | | | | |
| १ सामाग्री | | | | | | |
| | | | | | | |
| जम्मा सामाग्री (ख. १) | | | | | | |
| २ श्रमिक | | | | | | |
| | | | | | | |
| जम्मा श्रमीक (ख. २) | | | | | | |
| ३ व्यवस्थापन | | | | | | |
| | | | | | | |
| जम्मा व्यवस्थापन (ख. ३) | | | | | | |
| ४ अन्य | | | | | | |
| | | | | | | |
| जम्मा अन्य (ख. ४) | | | | | | |
| ५ पारदर्शिता  खर्च | | | | | | |
| जम्मा पारदर्शिता खर्च (ख.५) | | | | | | |
| | | | | | | |
| ६. ...... | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| (ख) चालु खर्चको जम्मा लागत | | | | | | |
| (ग) भैपरि आउने (क को १ प्रतिशत) | | | | | | |
| कुल जम्मा (क+ख+ग) | | | | | | |

१२. कार्य योजना

| क्रियाकलाप | अवधि (महिना) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

अनुसूची –४

(दफा ७ को उपदफा १ सँग सम्बन्धित)

**प्रतिबद्धता पत्र**

............................को मिति...............................को सूचना अनुसार कोल्ड च्याम्बर/कोल्ड स्टोर निर्माण कार्यक्रममा सहभागिताको लागि इच्छुक भई सोको कार्ययोजना सहितको आवेदन पेश गरेको/का छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र ......... वर्ष सम्म निरन्तरता दिनेछु/छौं । कार्ययोजना अुनसारको कार्य नगरेमा वा ......वर्ष अगावै सो कार्यहरु बन्द गरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं । अन्यथा प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुर्‍याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं ।

**आनुदानग्राहीको तर्फबाट**

नामः

पदः

संस्थाको नामः

ठेगानाः

सम्पर्क नं.:

दस्तखतः

मितिः

छापः

| दायाँ | बाँया |
|---|---|
| | |

प्रदेश सरकार
कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौडा, मकवानपुर, नेपाल

अनुसूची -५

(दफा ९ को उपदफा (३) को खण्ड (क) सँग सम्बन्धित)

**प्रारम्भिक मूल्याङ्कन**

प्राप्त प्रस्तावहरुलाई सूचनामा उल्लेख गरिएका विवरणहरु प्राप्त भए नभएको र आवेदक योग्य भए नभएको विषयमा चेक जाँच गरि प्रारम्भिक मूल्याङ्कन गरिनेछ । यस अन्तर्गत देहाय वमोजिमका कुराहरु हेरिनेछन् र उपयुक्त निर्णय गरिनेछः

(क) प्रस्ताव आह्वान गर्ने सूचनामा उल्लेख भएको स्थानमा तोकिएको मिति र समय भित्र आवेदन तथा व्यवसायिक योजना दर्ता भए/नभएको,

(ख) आवेदक संस्थाको आधिकारिक व्यक्ति भए / नभएको साथै आवेदकले प्रस्तावमा संलग्न कागजातहरुको प्रत्येक पानामा दस्तखत गरी छाप लगाए/नलगाएको,

(ग) आवेदक संस्था नियमानुसार दर्ता तथा नियमित नवीकरण भए/नभएको,

(घ) स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ताको प्रमाणपत्र भए/नभएको,

(ङ) कार्यक्रम सम्बन्धि तोकिएको ढाँचामा विवरण तयार गरी पेश गरे नगरेको,

(च) कार्यक्रम सञ्चालन सम्बन्धि संस्थागत निर्णय भएको प्रमाण पेश भए / नभएको (एकल व्यवसायिक फर्महरुका हकमा यो अनिवार्य नरहे ता पनि एक भन्दा बढि संचालक वा सदस्य रहेको संस्थाको हकमा यो अनिवार्य रहनेछ),

(छ) कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता पेश गरे नगरेको,

(ज) जग्गाको स्वामित्व भएको लालपुर्जाको प्रमाण वा १५ बर्षे लिज भएको सम्झौता पत्र ।

अनुसूची -६

(दफा ९ को उपदफा (३) को खण्ड (क) सँग सम्बन्धित)

मूल्याङ्कनका आधारहरु

आवेदक संस्थाको नाम र किसिम :

ठेगाना :

निर्माण गरिने पूर्वाधार : ...................... पूर्वाधार निर्माण गरिने स्थान : क्षमता :

| क्र.सं. | विवरण | अंक | कैफियत |
|---|---|---|---|
| १ | **कृषि बस्तु उत्पादन स्थललाई दिईने सेवा:** | १० | प्रस्तावमा पेश गर्ने । |
| १.१ | आफ्नै संस्थाको मात्र उत्पादनलाई भण्डारण सेवा | १० | |
| १.२ | आफ्नै संस्था र नजिकका समूह सहकारीहरुको उत्पादनको भण्डारण सेवा | ९ | |
| १.३ | जिल्ला भित्रका समूह सहकारीहरुको उत्पादनलाई भण्डारण सेवा | ८ | |
| १.४ | प्रदेश भित्रका समूह सहकारीहरुको उत्पादनलाई भण्डारण सेवा | ७ | |
| २ | **आवेदकको संस्थागत अवस्था र क्षमता** | ३० | |
| २.१ | अनुभव | ५ | प्रमाण पेश गर्ने । |
| २.१.१ | ५ बर्ष भन्दा बढी | ५ | |
| २.१.२ | २ देखि ५ वर्ष | ३ | |
| २.१.३ | १ देखि २ वर्ष | २ | |
| २.१.४ | ६ महिना देखि १ वर्ष भन्दा कम | १ | |
| २.२ | उपलब्ध सुविधा तथा भौतिक पूर्वाधार | १० | स्थानिय तहको सिफारिश |
| २.२.१ | सडक /बाटो | ४ | |
| २.२.२ | बिजुली (३ फेज भएको ) | ४ | |
| २.२.३ | अन्य पूर्वाधार | २ | |
| २.३ | कोल्ड च्याम्बर / कोल्ड स्टोरको लागि आवश्यक मानव संसाधन | ४ | प्रस्तावमा पेश गर्ने वा प्रमाणमा पेश गर्ने। |
| २.३.१ | प्राविधिक, व्यवस्थापकिय तथा अदक्ष सबै उपलब्ध | ४ | |
| २.३.२ | प्राविधिक, व्यवस्थापकिय मध्ये कुनै एकसंगै अदक्ष उपलब्ध | ३ | |
| २.३.३ | प्राविधिक, व्यवस्थापकिय मध्ये कुनै एक उपलब्ध | २ | |
| २.३.४ | अदक्ष मात्र उपलब्ध | १ | |
| २.४ | आवेदकको आर्थिक अवस्था (प्रस्तुत तथ्यहरुका आधारमा) | ६ | बैंकको statement वा letter |
| २.४.१ | लगानीका लागि बैंक मौजदात भएको | ६ | |

| | | | |
|---|---|---|---|
| २.४.२ | लगानी गर्ने प्रतिबद्धता बित्तिय संस्थाबाट प्राप्त भएको | ४ | of intent |
| २.५ | संस्थामा महिला तथा १८-४५ उमेर समुहको युवाको सहभागिता | ५ | प्रस्तावमा पेश गर्ने |
| २.५.१ | ८० प्रतिशत भन्दा बढी | ५ | |
| २.५.२ | ६० देखि ८० प्रतिशत | ४ | |
| २.५.३ | ४० देखि ६० प्रतिशत सम्म | ३ | |
| २.५.४ | ४० प्रतिशत भन्दा कम | २ | |
| **३** | **योजना अनुसार प्रस्तावित कार्य समयमा नै सम्पन हुन सक्ने आधारहरु** | **१०** | प्रस्तावमा पेश गर्ने |
| ३.१ | राम्रो रहेको, प्रष्ट आधार देखिएको | १० | |
| ३.२ | सम्पन्न हुन सक्ने संभावना देखिएको | ५ | |
| **४** | **प्राविधिक डिजाईन तथा ईष्टिमेट:** | **१५** | प्रस्तावमा पेश गर्ने |
| ४.१ | प्रष्ट प्राविधिक डिजाईन तथा ईष्टिमेट तयार भएको | १५ | |
| ४.२ | आंशिक रुपमा प्राविधिक डिजाईन तथा ईष्टिमेट तयार भएको | १० | |
| **५** | **व्यवसायिक संभावना(व्यवसायिक योजना)** | **१५** | प्रस्तावमा पेश गर्ने |
| ५.१ | आर्थिक रुपमा दीगो देखिएको | १५ | |
| ५.२ | आर्थिक रुपमा मध्यम स्तरको देखिएको | १० | |
| ५.३ | आर्थिक रुपमा कमजोर देखिएको | ५ | |
| **६** | **लागत साझेदारी** | **१०** | प्रस्तावमा पेश गर्ने |
| ६.१ | ७० प्रतिशत भन्दा माथि | १० | |
| ६.२ | ६० प्रतिशत सम्म | ७ | |
| ६.३ | ५० प्रतिशत | ४ | |
| **७** | **जग्गाको स्वामित्व** | **१०** | प्रमाण पेश गर्ने। |
| ७.१ | आफ्नै जग्गा | १० | |
| ७.२ | न्युनतम १५ बर्षे लिज | ६ | |
| ७.३ | जम्मा | १०० | |

राय तथा सुझाव अगाडि बढाउने / नबढाउने प्रष्ट धारणा सहितको कारणहरु उल्लेख गर्ने ।

मूल्याङ्कनकर्ताको

हस्ताक्षर:

नाम:

मिति:

अनुसूची -७

(दफा १० को उपदफा (५) सँग सम्बन्धित)

**द्विपक्षीय सम्झौता पत्र**

यो सम्झौता (यसपछि "सम्झौता" भनिएको) मिति ....... साल ...... महिनाको ....... गतेका दिन प्रदेश नं ३ , कृषि विकास निर्देशनालय (यसपछि प्रथम पक्ष भनिने) र "............................."(यसपछि दोस्रो पक्ष) बीच "............." कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिमको शर्तहरु पालना गर्ने गरी यो सम्झौता गरिएको छ । यो सम्झौता दुबै पक्षबाट हस्ताक्षर भएको मिति देखि लागू हुनेछ ।

**१. सम्झौता गरिएको कामको विवरण**

| |
|---|
| कार्यक्रमको शिर्षक :"..............................." <br> कार्यक्रम सञ्चालन स्थान : <br> कार्यक्रम सञ्चालन गर्ने संस्थाको ठेगाना : |

**२. कार्यक्रम सञ्चालनको समयावधि**

| | |
|---|---|
| शुरु मिति : | |
| सम्पन्न हुने मिति : | |
| कार्यक्रमको कूल अवधि (महिना/दिन) : | |

विशेष परिस्थितिमा समान्यतया दुबै पक्षको समझदारीमा लिखित सहमतीको परिशिष्ट सहित यो सम्झौताको अवधि थप वा घट हुन सक्नेछ ।

**३. कार्यक्रमको कूल लागत**

३.१ यस कार्यक्रमको कूल लागत अनुमान रु. ............. (अक्षरेपी .......... मात्र) रहेको छ जुन निम्नानुसार व्यहोरिने छ :

| कार्यक्रमको बजेट | जम्मा रकम रु. |
|---|---|
| कोल्ड च्याम्बर/ कोल्ड स्टोर निर्माण कार्यक्रम सञ्चालन अनुदान रकम (प्रथम पक्षले बेहोर्ने ) | |
| अन्य निकायको सहयोग (यदि भएमा ) <br> (कस्तो कार्यका लागि न्यूनतम शर्तहरु के हुनेछन् अनुसूचीमा उल्लेख गर्नुपर्नेछ ।) | |
| कार्यक्रम संचालक साझेदारले व्यहोर्ने रकम (दोस्रो पक्षले बेहोर्ने) <br> कूल जम्मा | |

३.२ प्रथम पक्षले कार्यविधि अनुरुप ".................. " कार्यक्रम सञ्चालनका लागि अनुदान रकम रु. .............. (अक्षेरुपी .................मात्र) ननाघ्ने गरी दोस्रो पक्षलाई ...... किस्तामा रकम उपलब्ध गराउने छ ।

४. सम्झौताका शर्त एवम् अवस्थाहरु (Terms and Conditions)

४.१ सम्झौताको बुदाँ २ मा उल्लेख भएको कार्यक्रम शुरु भएको दिनबाट ३० दिनभित्र दोस्रो पक्षले आफ्ना सबै लाभान्वित समुदाय र अन्य सरोकारवालाहरुले देखे गरी प्रथम पक्षले तोकेको ढाँचा अनुसारको होर्डीङ बोर्ड राख्नु पर्नेछ ।

४.२ कार्यक्रमलाई तोकिएको समयमा नै सम्पन्न गर्ने सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

४.३ अनुदान रकम तोकिएको कार्य योजना अनुरुप यसै सम्झौतासँग संलग्न बुँदा ३ अनुसार स्वीकृत बजेट तालिकामा उल्लेख भएका शिर्षकहरुमा मात्र खर्च गर्न पाइनेछ ।

४.४ तत्कालिन अवस्थामा सामाग्रीहरुको खरिद दर शुरु लागत अनुमान दर भन्दा बढी भई लागत मूल्य बढेमा सो बढेको मूल्य दोस्रो पक्षले नै ब्यहोर्नु पर्नेछ ।

४.५ यस सम्झौता अनुसार सहमती भएका कृयाकलापहरुमा कुनै संशोधन गर्नु परेमा दुबै पक्षहरु बीच सहमती भै गरिनेछ ।

४.६ दोस्रो पक्षले प्रथम पक्षको पूर्व लिखित स्वीकृत बिना वित्तिय सीमा भन्दा बाहिर खर्च गर्न पाउने छैन ।

४.७ दोस्रो पक्षले वस्तु वा सेवाको खरिद गर्दा प्रचलित ऐन नियमावली अनुसार खरिद गर्नुपर्नेछ ।

४.८ कार्यक्रमका लागि प्रदान गरिने अनुदानको सही सदुपयोग, सन्तोषजनक प्रगति तथा प्राप्त वित्तिय प्रतिवेदनको आधारमा अनुदानको निकासा दिइनेछ ।

४.९ कार्यक्रम अवधि वा सो पश्चात कार्यक्रम दोस्रो पक्षले प्रथम पक्ष वा प्रथम पक्षले तोकेको निकाय वा व्यक्तिलाई प्रथम पक्षको आवश्यकता अनुरुप कार्यक्रमको स्थल तथा व्यवसायिक क्षेत्रको निर्वाध रुपमा निरीक्षण गर्न दिनु पर्नेछ ।

४.१० दोस्रो पक्षले आफ्नो हिस्साको साझेदारी लागतको लगानी गरी यसै सम्झौता अनुसार स्वीकृत क्रियाकलापहरुका लागि खर्च भएको रकमको बील भरपाईहरुको प्रतिलिपी पेश गरेपछि शोधभर्नाको रुपमा प्रथम पक्षबाट भुक्तानी लिन सक्नेछ ।

४.११ प्रथम पक्षले तोकेको ढाँचामा खर्चको विवरणका आधारमा कार्यक्रमका लागि रकमको निकासा किस्ताबन्दी रुपमा उपलब्ध गराउनेछ । भुक्तानी प्रक्रिया अगाडि बढाउनका लागि सफलता पूर्वक कार्य सम्पन्न मात्र नभई समयमै सम्पन्न कामको रिर्पोटिङ्ग तथा प्रमाणिकरण पनि हुनु पर्नेछ । किस्ता निकासाको विवरण निम्नानुसार रहने छ :

| किस्ता | किस्ता निकासाकालागि सम्पन्न गर्नुपर्ने कृयाकलापहरु | अनुदान रकम रु. | निकासा मिति | किस्ता प्रतिशत |
|---|---|---|---|---|
| १ | तोकेको कार्यको २० प्रतिशत सम्पन्न भए पश्चात | | | २० |
| २ | कुल कार्यको ६० प्रतिशत सम्पन्न भए पश्चात | | | ४० |
| ३ | सबै कार्य सम्पन्न भए पश्चात | | | ४० |
| जम्मा | | | | १०० |

४.१२ कार्यक्रम सञ्चालनको क्रममा व्यवसायको प्रस्तावित क्रियाकलापमा परिवर्तनहरु हुन सक्ने जायज कारणहरु भएमा प्रथम पक्षलाई समयमा नै लिखित जानकारी गराउनु पर्नेछ र कुनै महत्वपूर्ण परिवर्तन हुने अवस्थामा प्रथम पक्षको स्वीकृत अनिवार्य लिनुपर्नेछ ।

४.१३ यदि दोस्रो पक्षले पूर्व स्वीकृत कार्य योजनामा कुनै किसिमको अप्रत्यासित ढिलाई हुने संभावना देखेमा प्रथम पक्षलाई समय बढाउन पूर्व–स्वीकृतका लागि अनुरोध गर्नु पर्नेछ ।

४.१४ दोस्रो पक्षको बैङ्क खाता विवरण निम्न बमोजिम हुनेछ र यदि कार्यक्रम सञ्चालन अवधिमा यी विवरणहरुमा कुनै परिवर्तन हुन गएको हकमा प्रथम पक्षलाई तत्काल जानकारी गराउनु पर्नेछ ।

| | |
|---|---|
| बैंकको नाम तथा ठेगाना : | |
| बैंक खाताको नाम : | |
| बैंक खाता नं. : | |
| बैंक खाताको किसिम : | |
| खाता सञ्चालकको नाम :<br>पद : | |

४.१५ लेखापरीक्षण प्रतिवेदन तयार गरी पेश गर्दा दोस्रो पक्षले इजाजत प्राप्त व्यवसायिक लेखापरीक्षकबाट लेखापरिक्षण गराएको हुनुपर्नेछ ।

४.१६ यस सम्झौतामा भएका बुँदाहरुमा भिन्नता, छुट तथा परिवर्तनहरु गरिएमा लिखित रुपमा दुबै पक्षहरुको तर्फबाट हस्ताक्षर भए मात्र लागु हुनेछन् ।

४.१७ दोस्रो पक्षले अन्तिम किस्ता वापतको रकम भुक्तानी लिनु पूर्व लेखापरिक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ ।

४.१९ कार्यक्रम अन्तर्गत निर्माण गरिने संरचनाहरु प्रचलित नियम कानुन, स्थानीय निकाय, सडक मापदण्ड र अन्य मापदण्ड पूरा गरी निर्माण गर्ने पूर्ण जिम्मेवारी दोस्रो पक्षको रहनेछ । यस्ता पूर्वाधारहरु निर्माण पूर्व दोस्रो पक्षले स्थानीय निकायबाट अनिबार्य नक्सापास गरि स्वीकृत लिएको हुनपर्ने छ । प्रथम पक्षले उक्त कार्यको अनुगमन गर्ने र मापदण्ड विपरित वा नियम विपरित भएको पाएमा सो कार्यकालागि कार्यक्रम सञ्चालन अनुदान रकम भुक्तानी रोक्का गर्ने वा असूल गर्ने अधिकार रहनेछ ।

| दोस्रो पक्षको तर्फबाट आधिकारिक हस्ताक्षर | प्रथम पक्षको तर्फबाट आधिकारिक हस्ताक्षर |
|---|---|
| हस्ताक्षर :<br>मिति :<br>नाम :<br>पद :<br>संस्था :<br>ठेगाना : | हस्ताक्षर :<br>मिति :<br>नाम :<br>पद :<br>संस्था :<br>ठेगाना : |

| | |
|---|---|
| छाप : | छाप : |
| साक्षी<br>मिति :<br>नाम :<br>पद :<br>संस्था :<br>ठेगाना : | साक्षी<br>मिति :<br>नाम :<br>पद :<br>संस्था :<br>ठेगाना : |

अनुसूची- ८

(दफा १२ को उपदफा (३) सँग सम्बन्धित)

**अनुदान रकम माग निबेदन तथा प्रतिबेदन**

मितिः ..................

श्री कृषि विकास निर्देशनालय
प्रदेश नं ३ हेटौडा ।

विषयः अनुदान रकम भुक्तानी पाउँ वारे ।

महोदय,

प्रस्तुत विषयमा तहाँ निर्देशनालय र हाम्रो ............................................ समूह / सहकारी / समिति / संस्थाबाट मिति ................. मा सम्पन्न ......................... निर्माण कार्यक्रम सञ्चालन गर्न भएको सम्झौता अनुसार यस समूह / सहकारी / समिति / संस्था ले .............................. निर्माणको ...... प्रतिशत कार्य सम्पन्न गरि सकेकोले त्यस मन्त्रालयबाट सम्झौता अनुसार ....... किस्ता वापत निकासा दिनुपर्ने ...... प्रतिशत अनुदान रकम रु........................................ (अक्षेरुपी .......................................) भुक्तानी पाउँ भनी आवश्यक कागजात संलग्न राखी यो निवदेन पेश गरेको छु ।

.........समूह / सहकारी / समिति / संस्थाको तर्फबाट

हस्ताक्षर :
नाम :
पद :
ठेगाना :
संस्थाको छाप

संलग्न कागजातहरु :

१. आर्थिक विवरण सिट ... पाना
२. ईन्जिनियरिङ्ग मुल्याङ्कन गरिएको पाना संख्या
३. बिल बिजकका प्रतिलिपि ...........पाना/थान ।
४. कार्य प्रगतिको फोटो ।
५. समूह /सहकारी/..... / फर्मले खर्च अनुमोदन गरेको र किस्ता माग गरेको निर्णयको प्रतिलिपि .. पाना
६. लेखापरिक्षण प्रतिबेदन (अन्तिम किस्ताका लागि अनिवार्य) पाना

७. सार्वजनिक सुनुवाई प्रतिवेदन (अन्तिम किस्ताका लागि अनिवार्य) पाना

८. कोल्डच्याम्बर/कोल्ड स्टोर सञ्चालन योजना (अन्तिम किस्ताका लागि अनिवार्य) पाना

किस्ता माग आर्थिक विवरण

| स्वीकृत | | | | | | | प्रगति | | | | माग गरिएको अनुदान रकम | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं | क्रियाकलापहरु | इकाई | परिमाण | जम्मा रकम | स्व लगानी | अनुदान रु. | परिमाण | जम्मा रकम | स्व लगानी | अनुदान रु. | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |
| अक्षेरुपी | | | | | | | | | | | | |

## अनुसूची -९

(दफा १३ को उपदफा (४) सँग सम्बन्धित)

**<u>कार्यक्रम सञ्चालन स्थलमा राखिने होडिङ्ग बोर्डको नमुना</u>**

| प्रदेश सरकार<br>प्रदेश नं. ३<br>भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय<br>कृषि विकास निर्देशनालय, हेटौडा, मकवानपुर | |
|---|---|
| कार्यक्रमको नाम : | |
| सञ्चालन गर्ने संस्थाको नाम : | |
| ठेगाना : | |
| निर्माण गरिने संरचनाको नाम : | |
| क्षमता : | |
| कुल लागत : | अनुदान : |
| | स्वलगानी : |
| | ...... संस्थाको लगानी : |
| लाभान्वित | जम्मा :<br>महिला: पुरुष : |
| सञ्चालन हुने अवधि<br>(साल / महिना /दिन) | शुरु:<br>सम्पन्न : |
| जिम्मेवार व्यक्ति | नाम :<br>पद:<br>मो.नं. : |